# बैंक तथा वित्तीय क्षेत्रको समस्यामा प्रतिफल आउने गरि काम गर्छु : गोकर्ण कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पदका उम्मेदवार गोकर्ण कार्कीले देशमा अहिले व्यापार/व्यवसाय गर्ने अवस्था नभएको बताएका छन् ।

अधिकांश युवा विदेशीने र स्वदेशमै केही गरौं भन्ने युवा समेत बैंक र वित्तीय क्षेत्रमा आएको समस्याका कारण व्यवसाय छाडेर जानुपर्ने स्थिति आएको र यसको अन्त्य गर्नुअत्यावश्कय रहेको बताएका छन् । 'बैंक, वित्तीय क्षेत्रका समीयाहरुको उचित निकासको लागि नियामक निकायहरुसँग प्रतिफल आउने गरी काम गर्छु' कार्कीले भने, ' हिजो बैंकको चर्को ब्याजरदका कारण आम उद्योगी, व्यापारी, व्यवसायीले निकै कष्ट भोग्नुपरेको छ । मेरै नेतृत्वमा बैंक ब्याजदरको विरुद्धमा विभिन्न ध्यानाकषर्ण गर्ने काम भयो अब नेतृत्वमा बसेर अझ सशक्त हुने चाहाना छ ।' पोखरा उद्योग वाणिज्य संघको ३५




औं महाधिवेशन निर्वाचन समितिको आयोजनामा भएको उम्मेदवार परिचय कार्यक्रममा बोल्दै अध्यक्ष पदका उम्मेदवार कार्कीले सो कुरा बताउँदै आफुले उम्मेदवारी दिएपछि डेंगी लागेको र आराम गर्ने स्थितिमा रहेपनि जिम्मेवारी छाड्न नसकेर मैदानमा होम्मिएको बताए । देशमा भएका ठुला राजनैतिक घटनाक्रममा समेत संघ विचलित नभई आफ्नो उदेश्यमा अडिग रहेको सुनाउँदै उनले संघ उद्योगी र व्यवसायी हितका लागि मात्रै नभइ सामाजिक सेवामा समेत हरेक क्षण तल्लिन भएको स्पष्ट पारे । बरिष्ठ उपाध्यक्ष समेत रहेका कार्कीले २०५५ सालमा पोखरा उद्योग वाणिज्य संघमा साधारण सदस्यको रुपमा प्रवेश गरेका कार्कीले कार्यसमितिमा उद्योग उपाध्यक्षमा दुई कार्यकाल बिताउँदै हाल वरिष्ठ उपाध्यक्षको भूमिका निर्वाह गर्दै गर्दा आम उद्योग, व्यवसायीहरुको विश्वास र साथले नै सफल भएको बताए । विभिन्न संघ संस्थामा रहँदाको अनुभव र देश विदेशको भ्रमणबाट सिकेका कुरालाई नेतृत्व तहमा बसेर आम पोखराको उद्योग, व्यवसायी सँगै आर्थिक चलायमान बनाउने ध्येय आफ्नो रहेको उनी सुनाउछन् ।

'उद्योगीहरुको रक्षा, हकहित र सुख दुखमा साथ अनि औद्योगिक र व्यवसायिहरुको उत्थानका साथै सहज र शान्तिपूर्ण व्यवसाय गर्न सक्ने वातावरण बनाउनुनै मेरो लक्ष्य रहेको छ' उनले भने, 'कुनैपनि तहबाट राज्यको कानुनमा रहेर उद्योग-व्यवसायिहरुलाई यो वा त्यो वहानामा हतोतसाहित बनाइनु हुँदैन भन्नेमा म सचेत छु ।' संघमा अबको पालो आफ्नै भएकाले पनि अध्यक्षमा उम्मेदवारी दिएको उनले सुनाए ।

२०११ सालमा स्थापित संघ उद्योगि र व्यवसायिको आस्थाको धरोहर मात्र नभई पोखरोको संवृद्धिको सम्वाहक रहेको उनको भनाइ छ । संघको वर्तमान प्रतिष्ठा, स्वरुप र क्रियाशिलताका लागि अग्रजहरुले गरेको आर्थिक नैतिक र भावानात्मक रुपले पुऱ्याएको ठुलो योगदानको चर्चा गर्दै संस्थागत असल कार्यलाई निरन्तरता दिदैं शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, औद्योगिकरण र उत्पादनलाई प्रवर्द्धन गर्दै बजार व्यवस्थापन गर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।



मुख्यमन्त्री पाण्डे -गोधूलीको सन्देश लोकार्पण : गण्डकी, २२ भदौः निजामती सेवा दिवस २०८१ का अवसरमा आयोजित मूल समारोह समिति गण्डकी प्रदेशद्वारा आयोजित कार्यक्रममा पूर्वकर्मचारी परिषद्द्वारा प्रकाशित गोधूलीको सन्देश लोकार्पण गरिँदै । तस्बिरः वासुदेव पौडेल/रासस

# कास्कीमा मनाइयो शाक्षरता दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

कास्कीमा अन्तर्राष्ट्रिय शाक्षरता दिवस मनाइएको छ ।

शिक्षा बिकास तथा समन्वय इकाई कास्कीको आयोजनामा सामुदायिक सिकाइ केन्द्रहरू बिच चेतनामुलक तीज गित प्रतियोगिताको आयोजना गरि सो दिवस मनाइएको हो ।

प्रतियोगितामा अन्नपूर्ण गाउँपालिकाको नागडाडा सामुदायिक सिकाइ केन्द्र प्रथम, पोखरा महानगर पालिका वडा न २५ स्थित बहुउद्देश्यीय सामुदायिक सिकाइ केन्द्र द्वितीय , पोखरामहानगर पालिका वडा न २९ को दिपशिखा सामुदायिक सिकाइ केन्द्र तृतीय र माछापुच्छे गाउँपालिकाको मर्दिखोला सामुदायिक सिकाइ केन्द्रले सान्त्वना हासिल गरे ।

कास्कीका कुल सात वटा सामुदायिक सिकाइ केन्द्रका समुह



सहभागी प्रतियोगितामा बिजयी समुहले क्रमश नगद रू दस हजार, सात हजार, पाँच हजार र तीन हजार सहित प्रमाणपत्र प्राप्त गरे । प्रतियोगिताको जिल्ला शिक्षा समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो ।

पौडेलले सान्स्कृतिक पर्व तीज सुसंस्कृत र समय सान्दर्भिक हुनुपर्ने भन्दै प्रतियोगिताले कास्कीका सामुदायिक सिकाइ केन्द्रहरू बिच आपसी भाइचारा वृद्धिमा महत्त्वपूर्ण भुमिका खेलेको बताउनुभयो ।

शाक्षारता सहित सामुदायिक सिकाइ र बिकासमा केन्द्रहरूको महत्त्वपूर्ण भुमिका रहेको हुँदा सिकाइ केन्द्रहरू थप ब्यबस्थित बनाउन आफू प्रयत्नशील रहने र त्यसको लागि समन्वयात्मक तवरले लागि पर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा माछापुच्छे गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारी, रूपा गाउपालिकाका उपाध्यक्ष लाल सुब्बा गुरुङ, अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारी, पोखरा महानगर पालिका कार्यपालिका सदस्य निर्मला पौडेल, राष्ट्रिय परिक्षा बोर्ड गण्डकी प्रदेशका प्रमुख लक्ष्मण देबकोटा, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल , कलाकार होम नेपाली सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

शिक्षा बिकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत शिक्षा बिकास तथा समन्वय इकाई कास्कीका शाखा अधिकृत टंक बराल र शाखा अधिकृत भरतराज बरालले संचालन गर्नुभएको थियो । प्रतियोगितामा लोकदोहोरी गायक तथा गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य तारापती सुवेदी, लोकदोहोरी गायिकाद्वय माया गिरि र लक्ष्मी नेपाली प्रतियोगिताको निर्णायक रहनु भएको थियो ।

# जटाशंकर धार्मिक विकास समितिको अध्यक्षमा पुन: राम सिग्देल

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

पोखरा महानगरपालिका वडा नं २६ को सिलिङ्गेमा रहेको जटाशंकर धार्मिक विकास समितिको आठौं बार्षिक साधारण सभा तथा पाचौ अधिवेशनले रामप्रशाद सिग्देललाई पुनः अध्यक्षतामा चयन गरेको छ ।

वर्तमान अध्यक्ष समेत रहेका सिग्देलको नेतृत्वमा गठन भएको समितिमा निवर्तमान अध्यक्ष कृष्णवहादुर अधिकारी, वरिष्ठ उपाध्यक्षमा वडा नं २६ का वडासदस्य समेत रहेका तिर्थ वहादुर राजभाट, उपाध्यक्षमा विकास रानाभाट, सचिवमा बिशाल राजभाट, कोषाध्यक्षमा एकेन्द्र राजभाट र सह सचिवमा ईश्वरी थापा रहेकी छन् । त्यसैगरी समितिको सदस्यहरुमा क्रमश रुपलाल बञ्जरा, रेवती अधिकारी, सोमनाथ उपाध्याय अधिकारी, कृष्णहरी ढुंगाना, सुमन राजभाट, रमा ढुगाना, श्यामा सिग्देल र कमल थापा रहेका छन् । समितिमा मन्दिरका पुजारी बिशाल गौतम पनि रहेका छन् । यस अघि कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं २६ का वडा अध्यक्ष नरेन्द्र थापाले कास्कीमा धार्मिक पर्यटनको प्रसस्त सम्भावना रहेकाले



पुम्दी कोटमा महादेवको मुर्ति राखे जस्तै सिलिङ्गे डाँडामा ५४ फीटको शिव लिङ्ग(जोतिरलिङ्ग) राख्ने गुरुयोजना तयार भएको भने । पोखराको दृश्यावलोकन र हिमाली श्रृखलालाई नजिकवाट हेर्न सकिने भएकाले यस क्षेत्रको विकासमा साझा अवधारणा आवस्यक रहेको अध्यक्ष थापाले बताए । जटाशंकर धार्मिक विकास समितिका अध्यक्ष रामप्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा विन्ध्यवासिनी गुरुकुल आश्रमका प्रधानाध्यापक रामचन्द्र पौडेल, श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठ, समितिका सस्थापक अध्यक्ष कृष्ण बहादुर अधिकारी, पोखरा महानगरपालिका वडा नं २६ का निवर्तमान अध्यक्ष नारायण प्रसाद वराल, समितिका सल्लाहकार चन्द्रवहादुर रानाभाट, समितिका सल्लाहकार .सागरमोहन भटराई, हरिश्चन्द्र सृजनसिल मञ्चका अध्यक्ष ऋषव देव वाँस्तोला, समितिका सल्लाहकार चन्द्रवहादुर रानाभाट, समाजसेवी ज्ञानेन्द्र सिग्देल, डिपिआर उपसमितिका संयोजक विकास रानाभाट र जेष्ठ नागरिक दिवा सेवा केन्द्रका संयोजक रुपलाल वञ्जरा लगाएतले धर्म र संकृतिको संरक्षणका लागि सामुहिक पहलको खाँचो औल्याएका थिए ।

सस्थाका सचिव विशाल राजभाटले संचालन गरेको कार्यक्रममा स्वागत मन्तब्य वरिष्ठ उपाध्यक्ष लक्ष्मी देवि भट्टराईले राखेकी थिईन भने कोषाध्यक्ष एकेन्द्र राजभाटले प्रस्तुत गरेका प्रतिवेदन पारित पारित भएको छ ।

# सार्वजनिक...

गरेको गोधुलिको सन्देश लोकार्पण गरिएको थियो । त्यस्तै कर्मचारी सम्बद्ध विभिन्न सङ्घ सङ्गठनका तर्फबाट निजामति सेवा दिवसका अवसरमा आयोजित कार्यक्रमका विजयी तथा सहभागीलाई पुरस्कार एवं सम्मानपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा कर्मचारी सङ्घ सङ्गठनका नेताले सेवाग्राहीमैत्री सेवाप्रवाहमा जोड दिँदै राजनीतिज्ञ र कर्मचारीबीचको असलसम्बन्ध आवश्यक भएकोमा जोड दिनुभयो । सङ्घीय निजामति ऐन चाँडो ल्याएर विद्यमान समस्याको समाधान गर्नुपर्नेमा उहाँहरूको जोड छ ।

कार्यक्रममा कर्मचारी ट्रेड युनियका अध्यक्षहरु लगायतले कर्मचारीको वृत्ति विकास, अधिकार, प्रदेश निजामती ऐनमा संशोधन र संवोधन गर्नुपर्ने विषयहरु लगायतका बारेमा धारणा राखेका थिए ।

# अधिकारीको 'जुद्ध शमशेरका नाममा' कविता सङ्ग्रह लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

कवि चैतन्य अधिकारीको 'जुद्ध शमशेरका नाममा' कविता सङ्ग्रह शनिबार पोखरामा लोकार्पण गरिएको छ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति सरुभक्त र कवि तीर्थ श्रेष्ठले एक समारोहबीच कृतिको लोकार्पण गर्नुभएको हो ।

कार्यक्रममा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले चैतन्यलाई ५० कै दशकदेखि कविका रूपमा सुनेको स्मरण गर्नुहुँदै उहाँ समकालीन पोखरेली कविताका एक उदीयमान र प्रतिभावान् कवि भएको बताउनुभयो । कवि अधिकारीमा गहन काव्यचेत, कोमल शब्दावली, हृदयस्पर्शी बिम्बमा सहज गाम्भीर्यतासहित अभिव्यक्त गर्ने क्षमता भएको उहाँले उल्लेख गर्नुभयो । यसैगरी कवि श्रेष्ठले कविताको कुनै आकार नहुने र अधिकारीका कवितामा पनि आकारको बन्देज नभएको धारणा राख्नुभयो । साना मसिना कथ्यलाई पनि टपक्क टिपेर कविताको बान्कीमा प्रस्तुत गर्न सक्ने कविका रूपमा उहाँले अधिकारीलाई चित्रण गर्नुभयो ।

कृति समीक्षा गर्दै कवि, समालोचक सञ्जीव पौडेलले अधिकारीलाई समसामयिक विषय चेतमा कलम चलाउन र आफू छद्म रहेर समाजमा विद्रोह गर्न कविता नै पढ्न उक्साउने स्रष्टाका रूपमा पाएको टिप्पणी गर्नुभयो ।


कार्यक्रममा पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेल, संस्थाका पूर्वअध्यक्ष कवि एवम् उपन्यासकार सरस्वती प्रतीक्षा, शेखर पराजुली, कौशल चन्द्र जीसी, रीता अधिकारी ऋतु, शिव त्रिपाठीलगायतले अधिकारीको व्यक्तित्व एवम् कृति सम्बन्धमा धारणा राख्नुभएको थियो । अधिकारीले एक दशकपछि दोस्रो कृति बजारमा ल्याउनुभएको हो । यसअघि उहाँको झरीको किनार कविता सङ्ग्रह प्रकाशित भएको थियो ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

- पल क्लिथेरोई

## सम्पादकीय

# व्यावसायिक हुन नसकेको निजामती

२०१३ साल भदौ २२ गते निजामती सेवा ऐन जारी भएको दिनको अवसर पारेर हरेक वर्ष भदौ २२ गतेलाई निजामती सेवा दिवसको रुपमा मनाउने गरिएको हो । सबै राष्ट्रसेवक निजामती कर्मचारीलाई अझ बढी समर्पण भावका साथ देश र जनताको सेवामा काम गर्ने उत्प्रेरणा मिलोस भनेर निजामती सेवाका ४० जनालाई सम्मान गरिएको छ । उत्कृष्ट कर्मचारीहरुलाई प्रधानमन्त्री ओलीले  सम्मान गरे। सम्मानका लागि यस वर्ष पनि सरकारले सर्वोत्कृष्ट कर्मचारीको छनोट गर्न भने सकेन । सरकारले निजामती सेवा दिवसको अवसरमा रक्तदान, वृक्षरोपण, अतिरिक्त क्रियाकलाप लगायतका कार्यक्रम आयोजनासमेत गरेको छ । दिवसको अवसरमा बेलुका सबै सरकारी कार्यालयमा दीपावली गरिएको थियो ।

गाउँमा सिंहदरबार पुग्न सक्दैन भनेर संघीयताले गाउँगाउँमा सिंहदरबारको परिकल्पना गरेको छ । त्यसैगरी प्रत्येक नागरिकसम्म सरकार पुग्न नसक्ने भएकाले निजामती कर्मचारीलाई राज्यले सिद्धान्ततः 'निमित्त सरकार' मुकरर गरेको छ । यो गरिमा र जिम्मेवारीका साथ स्याथी सरकार मानिने कर्मचारी संस्थाका प्रत्येक सदस्यले सरकारको प्रतिनिधि भएर काम गर्दैछौं भन्ने सोच्नुपर्दछ । अहिले निजामती सेवालाई सेवाग्राहीप्रति उत्तरदायी बनाउनुपर्छ भन्ने बहस सुरु भएको छ । एकजना हाकिमले मुल्याङ्कन गरेर राम्रो ठान्नु भन्दा सेवाग्राहीले मुल्याङ्कन गर्ने परिपाटी बसाल्न सके निजामती सेवा नागरिक प्रति जवाफदेही बन्न प्रेरित गर्दछ । निजामती सेवालाई समायानुकुल बनाउन विभिन्न समयमा ऐनमा संशोधन र विभिन्न आयोग गठन गरेर जनतालाई कसरी सहज र सरल तरिकाले सेवा दिन सकिन्छ भन्ने सुझावहरु दिइएको छ । कर्मचारीको सेवालाई कानूनले नै बलियो बनाउन पटक-पटक परिमार्जन भएका छन् ।

ट्रेड युनियन अधिकार समेत दिइएको छ । तर ट्रेड युनियन अधिकार सेवा भन्दा अधिकारमुखि बढी भएको गुनासा बारम्बार आउने गरेका छन् । यो अवस्था आउनुमा कर्मचारीको पनि हिस्सा छ । निजामती सक्षम नवन्दा सरकारले बनाएका योजना कार्यान्वयमा आउन सक्दैन् । जनताको आकांक्षा बमोजिमको सुशासन दिन सकेमा अहिले कर्मचारी वारे गरिएका आलोचना खण्डित हुने छन । जनतालाई सुशासन दिने कानुनको पालना गराउने काम निजामती सेवाका कर्मचारीहरुको हो । सरकारको काम हेर्दा जनताले सुशासनको प्रत्याभूती गर्न सकेका छैनन् । पुरानो सोचाईमा हुर्केका कर्मचारीले नया संरचनामा आफूलाई ढाल्न सक्नु पर्छ । सरकारको काम कहिले जाला घाम भन्ने गलत मानसिकता हटाउन पनि आफूलाई राष्ट्र सेवकको रुपमा उभ्याउन सक्नुपर्छ । पटक पटक कर्मचारीमा गरिने सरुवाले कर्मचारी मात्र होईन सरकार नै प्रभावकारी देखिन सकेको छैन । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस निर्वाचनलाई प्रभावित पार्ने गरि सरुवा गरिएको छानिर्वाचन आयोगको आचारसंहिता विपरीत सरुवा गर्नु स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन हुँदैन भन्ने संकेत हो।सकभर पार्टी निकट नभए काम गराउन सजिलो खोज्ने प्रवृत्तिले निजमति सेवा कमजोर बनेको छ । देश संधीयतामा गए सँगै निजामति त्यसअनुसार बन्न सकेको छैन ।

संघीय निजमति ऐन पारित हुन नसक्दा अझैपनि अन्योलता कायम छ । प्रदेश र स्थानिय तहमा कर्मचारी पठाउन नसक्दा तीनै तहको सरकारको काम हुन सकेको छैन । समयमै उकर्मचारी समायोजन हुन नसक्दा 'जुन जोगी आए पनि कानै चिरेको भन्ने' जस्तै अवस्था अहिले छ । सिंहदरबारको अधिकार गाउघरमा भन्ने नारा जनता झुक्याउने भएका छन् । प्रदेश र स्थानीय तहमा निजामति कर्मचारी जान नरुचाउने अवस्था राम्रो हैन । हाम्रो कर्मचारीतन्त्र व्यावसायिक बन्ने सकेन जो सरकार आयो उसैको चाकडी गर्नु व्यवसायीक मानिन थालेको छ । लोक सेवा कसरी पास गर्ने भन्नेमा सफल भएपनि सिर्जनशिल तरिकाले प्रशासन चलाउन सक्ने उत्पादन गर्नु अहिलेको खाँचो हो । सरकारले सम्वृद्धि र विकासका नारा अघि सारेको छ । त्यसलाई कार्यान्वयन गर्ने कर्मचारीतन्त्रले सुशासान दिन सकेन भने नारा देखाउनका लागि मात्र हुन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गल्याङ प्रिमियर लिग क्रिकेटको उपाधि गल्याङ ब्लास्टरलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

गल्याङ प्रिमियर टिट्वान्टी लिग क्रिकेट (जिपिएल) को उपाधी गल्याङ ब्लास्टरले जितेको छ ।

शनिवार भएको फाईनलमा गल्याङ ईगल्सलाई पराजित गर्दै ब्लास्टरले उपाधी हात पारेको हो । ईगल्सले बनाएको ९२ रनको सामान्य लक्ष्य ब्लास्टरले १० ओभरमा २ विकेट गुमाएर भेटाएको थियो । इगल्सले १४ ओभरमा ९२ रन बनाउँदै अलआउट भएको छ ।

उपाधी बिजेता गल्याङ ब्लास्टरले १ लाख र शिल्ड हात पारेको छ यस्तै दोस्रो भएको गल्याङ ईगल्सले ५० हजारमा चित्त बुझाएको छ । गल्याङ क्रिकेट संघको आयोजनामा भएको प्रतियोगितामा आठ समूहले प्रतिस्पर्धा गरेका थिए ।

आठ वटै टिमले अक्सन मार्फत एक महिना अगाडि नै खेलाडी छनौट भएको गल्याङ क्रिकेट संघका उपाध्यक्ष खगेन्द्र भण्डारीले जानकारी दिए । प्रत्येक टिमले जिल्ला बाहिरका ३/३ जना खेलाडी समावेश गराएका थिए भने अरु खेलाडी जिल्ला भित्रका नै रहेका थिए । विभिन्न व्यवसायी र व्यक्तिहरुले आ–आफ्नो क्लव तयार गरी प्रतियोगितामा भाग लिएका थिए । जिल्ला भित्र रहेका क्रिकेट खेलाडीको पहिचान बढाउने र क्रिकेट खेललाई जिल्लामा व्यावसायिक गराउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको आयोजकले जनाएको छ ।  फाईनल खेल शनिवार गल्याङ नगरपालिका-१ मालुङ्गाको खेल मैदानमा भएको थियो । प्रतियोगिताको समापन गर्दै गल्याङ् नगरपालिकाका प्रमुख गुरु प्रसाद भट्टराईले खेल क्षेत्रले नेपाल र नेपालीको पहिचान बढाएको बताए । पालिकाले खेल क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको नगर प्रमुख भट्टराईको दावी छ ।

# बाँदर आतङ्कबाट जोगाउन काष्ठफल खेती

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ भदौं

बाँदर आतङ्कले सताउनथालेपछि स्याङ्जाका कृषक वैकल्पिक खेतीतर्फ आकर्षित भएका छन् । जिल्लाको गल्याङ नगरपालिकाका कृषकले परम्परागत रूपमा लगाउँदै आएका धान, मकै गहुँ, तरकारीबाली छोडेर बाँदरले नखाने काष्ठफलको खेतीतर्फ आकर्षित भएका छन् ।

गल्याङ नगरपालिकाले बाँदरले नखाने वैकल्पिक खेतीका रूपमा कागती, सुन्तला, एभोकाडो, मेकाडेमिया नटलगायतका खेतीगर्न कृषकलाई प्रोत्साहन गरेको छ । यहाँका कृषकले स्वतःस्फूर्त रूपमा उखु, सयपत्रीफूल, अदुवा, बेसार, ड्रागनफ्रुडलगायतका खेतीगर्दै आएका थिए । विसं २०७८ को राष्ट्रिय कृषि गणनाअनुसार गल्याङ नगरपालिकाभित्र चार हजार ४२ हेक्टर जमिन खेती योग्य छ । हाल यहाँ एक हजार पाँच सय १९ हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिएको छ । बाँदरले सताउन थालेपछि कृषक धान, मकै, गहुँ खेतीतर्फ आकर्षित हुन सकेका छैनन् ।

गल्याङ नगरपालिका-५, रुपाखानीका कृषक चन्द्रबहादुर रानाचित्रले बाँदरले हैरानपार्न थालेपछि धान, मकै गहुँ फलाउने खेतमा कागती, उखु, सयपत्रीफूल खेती गर्दै आएको बताउनुभयो । उहाँ विगत पाँच वर्षदेखि व्यावसायिक रूपमा बाँदरले नखाने काष्ठफल र अन्य खेतीगर्दै आउनुभएको छ । "बाउबाजेले धान, मकै, कोदो छर्ने गरेको खेती छोडेर पाँच वर्षदेखि सयपत्री र कागती खेती गर्दै आएको छु । मेरो उत्पादन देशका विभिन्न सहरमा पुग्छ, " उहाँले भन्नुभयो, "गएको वर्षदेखि उखुसमेत लगाउन थालेको छु। परम्परागत खेतीभन्दा तेब्बर आम्दानी दिएको छ ।" गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले नगरपालिकाभित्र बाँदर आतङ्क बढेकाले कृषकलाई बाँदरले क्षति नगर्ने बालीलगाउन सुझाव दिएको बताउनुभयो । उहाँले बाँदर नियन्त्रणका लागि केन्द्र र प्रदेश सरकारसमेतले ठोस योजना बनाउन नसकेको अवस्थामा गल्याङ नगरपालिकाले बाँदरले नखाने प्रजातिका काष्ठफललाई प्राथमिकता दिएको सुनाउनुभयो ।

"लामो समयसम्म उत्पादन दिने, पहाडी भेगका लागि हावापानी मिल्ने, एक पटक हुर्काइसकेपछि धेरै मेहनत गर्नु नपर्ने, उत्पादनलागत कम लाग्ने काष्ठफल लगाउन कृषकलाई प्रेरित गरेका छौँ," उहाँले भन्नुभयो, "विश्वास छ काष्ठ फल खेतीले यहाँका जनतालाई आत्मनिर्भर बनाउँदै जीवनस्तर उकास्न महत्त्वपूर्ण भूमिका खेल्छ ।'

यता गल्याङ नगरपालिको ' काष्ठ फल उत्पादन' कार्यक्रमलाई पहाडी क्षेत्रमा काष्ठफल तथा फलफूल आयोजना (नाफा)ले सहयोग गर्दै आएको छ । नाफा आयोजना गल्याङकी प्राविधिक समीक्षा न्यौपाने संस्थाले कागती, सुन्तला, एभोकाडो, मेकाडेमिया नट खेतीमा सहयोग गर्ने बताउनुभयो ।

"नर्सीरिदेखि लिएर फलफूलको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र उत्पादित फलफूलको मूल्य अभिवृद्धि गर्ने काममा नाफा प्रोजेक्टले सघाउने छ ।" उहाँले भन्नुभयो, "यहाँ आवेदन दिएका कृषकले २० रोपनी एक हेक्टर क्षेत्रफलमा सूचिकृत फलफूल रोप्नुपर्ने हुन्छ । सर्त पूरा भएका कृषकले पचास प्रतिशत अनुदान प्राप्त गर्न सक्ने छन् ।" न्यौपानेका अनुसार गल्याङमा यो योजना आउने पाँच वर्षसम्म चल्ने छ ।

न ा प ा आयोजनाले कागती, सुन्तला, एभोकार्डो, मेखाडेमिलाय खेतीका लागि किसानलाई अनुदानको व्यवस्थासमेत गरेको छ । यो आयोजना सम्पन्न गर्नका लागि एसियाली विकास बैङ्क र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम र नेपाल सरकारको ऋण तथा अनुदान व्यवस्थापनमा देश भरका एक सय स्थानीय तहका लागि नौ करोड ३४ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन भएको छ । आयोजना ३४ जिल्लाका एक सय वटा स्थानीय तहमा र स्याङ्जाका गल्याङ नगरपालिका, चाप कोट नगरपालिका र बिरुवा गाउँपालिकामा सञ्चालित छ ।

# लेकसिटीमा पर्वको बारेमा कचहरी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं




बदलिँदो परिवेशमा फेरिएको संस्कृति र उत्सवका बारेमा पोखराको लेकसिटी कलेज एण्ड रिसर्च सेन्टर अन्तर्गतको समाज विज्ञान केन्दैले शनिबार कचहरी गरेको छ । कार्यक्रममा डा. राजेन्द्रराज तिमिल्सिनाले ' आर्यवर्त, आपरिवर्तन र उत्सव' शीर्षकमा प्रस्तुति गरे । नवउदारवाद र पैसाका कारण अहिले हाम्रो संस्कृति र पर्वहरु विस्तारै फेरिँदै गएको उनको भनाइ थियो । आर्यवर्त खण्ड उत्तरमा हिमालयदेखि दक्षिणमा विन्ध्याचलसम्म फैलिएको मानिए पनि अहिले विश्वव्यापीकरणका कारण विविध खाले धर्म संस्कृति विश्वभर फैलनुका साथै त्यहि अनुसार प्रभाव पारेको उनको भनाइ थियो ।

परिवारमा जम्मा भएर मान्यजनबाट टीका ग्रहण गर्ने चलन फेरिएर अहिले घुमघामको चलन चलेको छ । एक दिन दर खाएर भोलिपल्ट व्रत बसेर मनाइने तीजको रुप फेरिएको छ । हिमालको मुस्ताङदेखि, तराईको वीरगन्जसम्म तीज मनाउन थालिएको छ । न्वारन लगायतका काम भर्चुअलरुपमा गर्न थालिएको छ । नेपालमा चाडपर्वको खासै वास्ता नगर्नेहरु विदेश पुगेपछि आफ्नो संस्कृति र परम्परा पछ्याउने गरेको पाइएको डा. तिमिल्सनाले बताए ।

एकातिर बाहिरी संस्कृतिले हिन्दू परम्परामाथि प्रभाव जमाइहेको छ । अर्कोतिर वैदिक सस्कृतिको प्रभाव उसैगरी विश्वभर फैलिँदै गएको उनको भनाइ छ । देवीदेवताहरुको वास भएको पवित्र ठाउँ भएका कारण विश्वभरका मानिसहरु शान्तिका लागि नेपाल आएको र वैदिक परम्पराका लागि नेपालमा विदेशी लगानी समेत भइरहेको उनले सुनाए । पण्डित उत्पादन गरी विदेश लैजानका लागि नेपालका गुरुकुलहरुले अहिले काम गरिरहेका छन् । विदेशमा महायज्ञ गराउनका लागि नेपालबाट पण्डितहरु लैजानका लागि समेत ठूलो लगानी हुने गरेको आफूले पाएको डा. तिमिल्सिनाले बताए । मानवअधिकारका लागि एकल महिला समूह गण्डकी अध्यक्ष प्रमिला तझ्याले पछिल्ला समयमा सामाजिक परम्परा र पर्व संस्कृतिहरु फेरिँदै गएको बताइन् । २४ वर्षअघि पतिको निधनपछि ती दिन सम्झँदा उनलाई अहिले कहाली लागेर आउँछ । एकल महिलाले पोते, रातो कपडा लगाउने कुरा कसैले सोचेकै थिएनन् । एकातिर, पति गुमाएको पीडा अर्कोतिर परिवार र समाजले एकल महिलाप्रति गर्ने विभेदपूर्ण व्यवहार खपिनसक्नु थियो । रोट्र्याक्ट क्लबले एकल महिलाका लागि दर खुवाउने कार्यक्रम गर्दा आफूहरु दसक मानेर गएको सम्झना उनलाई छ । उनी भन्छिन्, 'जुन दिन हामी घरबाट निस्केर पार्टी प्यालेसमा दर खायौं, त्यसपछि हाम्रो दायरा पनि फराकिलो रहेछ भनेर अनुभूति गऱ्यौं ।' सामूहिक भावना, संगठन, प्रविधि र देखिसिकीका सार्थ राजनीतिक परिवर्तनले समेत संस्कृति र पर्वमा परिवर्तन आएको उनको भनाइ थियो । तर कतिपय मान्यताहरुलाई अहिलेको युवा पुस्ताले बिर्सदै गएकोप्रति भने उनले चिन्ता जनाइन् ।

कार्यक्रमका विन्ध्यवासिनी संस्कृत विद्यापीठका क्याम्पस प्रमुख प्राडा जगन्नाथ रेग्मीले समयक्रमसँगै संस्कृति पनि विस्तारै फेरिँदै गएर समय सुहाउँदो हुने बताए । धर्म, संस्कृतिको जिम्मा संस्कृत पढेका र धर्मगुरुहरुके मात्र नभएको भन्दै समाजका सबै वर्गले यसलाई अवलम्बन गर्नुपर्ने उनको भनाइ थियो ।

प्रदेश नीति तथा योजना आयोग गण्डकीकी पूर्व सदस्य डा. अञ्चला चौधरी परिवर्तन आफैबाट सुरु गर्नुपर्ने बताउँछिन् । रौतहटको चौधरी परिवारमा जन्मेर कास्कीको पोखरेल परिवारको बुहारी हुँदासम्म आफूले धेरै हण्डर खानुपरेको सुनाउँदै उनले भनिन्, 'माइतीले तँ अब हाम्रो घेरामा रहिनस् भन्छन्, घर परिवारले स्वीकार गर्दैन, आखिर मेरो ठाउँ कहाँ हो ?' अधिकारकर्मी एवं कोपिला नेपालकी कार्यकारी निर्देशक बिना सिलवाल पहिला सबै कर्महरु धर्मसँग जोडिने भए पनि अहिले बिस्तारै परिवर्तन हुँदै आएको बताइन् । आफूनै ठूलो परिवारमा हुर्केको सुनाउँदै उनले त्यतिबेलाको पारिवारिक र सामाजिक परम्परालाई अहिलेको कानुनी व्यवस्थाले समेत चुनौती दिएको उनको भनाइ थियो ।

नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखेले परम्परा धान्ने नाममा आर्थिक रुपमै कंगाल हुनुपर्ने अवस्था आउन नदिनका लागि आफूहरु सचेत रहेको बताए । 'नेवारहरु ३ सय ६५ दिनमा ३ सय ६६ दिन भोज खान्छन् भन्छन्, हामीले गच्छे अनुसारको व्यवहारमा जोड दिएका छौं,' उनले भने । कार्यक्रममा उपप्राध्यापक लक्ष्मण श्रेष्ठ, सन्ध्या श्रेष्ठ, गण्डकी बोर्डिङ स्कुलका प्रअ डा. विश्वयुधिर घर्ती पौडेल, पत्रकार सरीता तिम्सिना पंगेनी, डा. ज्ञानबहादुर कार्की, इच्छाबहादुर वाग्ले, ज्ञानु आचार्य, अम्बिका आचार्य, टंकनाथ आचार्य, लक्ष्मण शर्मा, ईश्वरी पौडेल, उत्सव सुवेदी समेतले जिज्ञाशासहित भनाइ राखेका थिए । केन्द्रका अध्यक्ष डा. ठानबहादुर क्षत्रीको अध्यक्षतामा भएको कार्यक्रम संयोजन उपेन्द्रप्रसाद पौडेलले गरेका थिए । कार्यक्रममा वक्ताका लागि ५ र जिज्ञासा र भनाइ राख्नेका लागि २/२ मिनेट प्रदान गरिएको थियो । समयको महत्वलाई ख्याल गरेर यस्तो नियम बनाएको र सबैभन्दा पहिला कार्यक्रममा आउने व्यक्तिलाई प्रमुख अतिथि बनाउने नियम केन्द्रको रहेको संयोजक पौडेलको भनाइ थियो । सबैभन्दा पहिला आउने गोमा क्षेत्री कार्यक्रमको प्रमुख अतिथि बनिन् । लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर मातहत समाज विज्ञान केन्द्र सञ्चालित छ । कलेजले आम्दानीको केही हिस्सा अनुसन्धानमा खर्चिंदै आएको छ । समाज विज्ञान केन्द्रका संरक्षक प्राडा विश्वकल्याण पराजुलीले केन्द्रले १० वर्षदेखि समसायिक विषयमा नियमित छलफल गर्दै आएको र आगामी दिनमा समेत निरन्तरता दिइने जानकारी दिए । क्याम्पस प्रमुख नारायणकुमार श्रेष्ठका अनुसार यसरी गरिएका छलफलको निष्कर्ष प्रकाशन गरिने छ ।

# दाहस्थानमा प्रहरीचौकी

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ भदौं

जनताको सुरक्षामा खटिएका प्रहरी छ महिनादेखि दाहस्थानको सत्तलमा रात बिताइरहेका छन् । जिल्लाको मुख्य प्रवेशद्वार मालढुङ्गा चेकपोष्टमा खटिएका नौ जना प्रहरीको रात अहिले मसानघाटको सत्तलमा बित्ने गरेको छ ।

बागलुङ नगरपालिका-१ मालढुङ्गामा जिल्लामा प्रवेश गर्ने बाक्लो सवारीसाधनको सुरक्षा जाँच तथा सिमानाको संवेदनशिलताको विषयमा यहाँ राखिएका प्रहरीका लागि भवन नहुँदा समस्या भएको हो । जनताको सुरक्षामा खटिएको नेपाल प्रहरी पछिल्लो छ महिनादेखि मसानघाटको सत्तलमा आश्रय लिइरहेको छ । यहाँको चौकी १५ मिटरभित्रसम्म सडक खाली गर्ने भनी भत्काइएपछि प्रहरीहरु कालीगण्डकी किनाराको खुदर्के मसानघाटको सत्तलमा आश्रय लिएर बस्दै आएका जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरिक्षक ऋषिराम कँडेलले बताउनुभयो । जिल्लाको प्रवेशद्वारबाट सडक विस्तारको काम थाल्ने योजना अनुरूप प्रहरी चौकीको अस्थायी छाप्रो भत्काइएपछि प्रहरी मसानघाटमा पुगेको उहाँले जानकारी दिनुभयो । यसअघि पनि अस्थायी छाप्रोमा उचित बसोबासको व्यवस्था नहुँदा प्रहरीहरु भुइमा सुत्ने गरेका थिए । "जनताको जीउधन र सवारी सुरक्षामा खटिएका प्रहरी मसानखाटको सत्तलमा रात बिताइरहेका छन् । नौ जना प्रहरी अहिले खुदर्के मसानघाटमा बनाइएको सत्तलमा बसेर प्रवेशद्वारको सुरक्षामा खटिएका छन्, मुख्य नाका भएकाले मालढुङ्गामा सवारीसाधनको सबै तथ्याङ्क राखिन्छ", प्रहरी उपरिक्षक कँडेलले भन्नुभयो, "बागलुङ नगरपालिकासहित स्थानीय तहमा भवन निर्माण गर्न बजेट माग गरेका छौं, हाल चौकी भइरहेको स्थानभन्दा केही तल भवन बनाउन सकिन्छ ।"

प्रहरी चौकीसँगै सूचना केन्द्र बनाउन आवश्यक रहको भन्दै प्रहरी उपरीक्षक कँडेलले सिमानाका भएकाले प्रहरी थप संवेदनशील हुनुपर्ने अवस्थामा उनीहरु असुरक्षित बस्दै आएका बताउनुभयो ।

जिल्लामा सुविधा सम्पन्न प्रहरीका भवन बन्ने क्रम रहेपनि प्रवेशद्वारमा खटिने प्रहरी मसानघाटको सत्तलमा बस्नुपर्ने अवस्था अन्त्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । व्यवस्थित प्रहरी चौकी निर्माण गर्न बागलुङका १० पालिकाका साथै प्रदेश र स्थानीय सरकारसँग आर्थिक सहयोगको माग गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कँडेलले जानकारी दिनुभयो । "प्रहरी सहायक निरीक्षकको नेतृत्वमा आठ प्रहरी र एक जना ट्राफिक प्रहरी खुदुर्के मसानघाटमा मलामी बस्न बनाइएको भवनमा जस्ताले बारेर बस्दै आउनुभएको छ", उहाँले भन्नुभयो ।

# उपल्लो मुस्ताङ पर्यटकका लागि सहज बन्दै

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ भदौं

पर्यटकको सहजताका लागि उपल्लो मुस्ताङका पदमार्गमा 'साइन पोष्टिङ' र पर्यटकीयस्थलमा सूचना पाटी तथा 'होर्डिङ बोर्ड' राखिएको छ।

लोमान्थाङस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्पाप) इलाका संरक्षण कार्यालय पदमार्ग पहिचान गर्न सहयोग पुग्ने साइन पोष्टिङ, पर्यटकीय, धार्मिक, ऐतिहासिक स्थलको महत्वका विषयमा जानकारीमूलक सूचनापाटी तथा वन्यजन्तुको संरक्षणबारे सन्देशमूलक होडिङबोर्ड राखेको हो। एक्याप लोमान्थाङका रेञ्जर मदन पौडेलले बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको छुसाङ, लो-घेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाको ४८ स्थानमा साइन पोष्टिङ, सूचना पाटी र होडिङ बोर्ड राखिएको जानकारी दिनुभयो। "पर्यटकहरुले सङ्केत चिह्न हेरेर आफ्नो गन्तव्य पहिचान गरेर यात्रा गर्न सहज होस्, नहराउन र दुःख नपाउन भनेर साइनपोष्टिङ राखिएको हो," उहाँले भन्नुभयो "गुफा, ताल, गुम्बा, दरबारलगायत ऐतिहासिक, प्राकृतिक, धार्मिक र पर्यटकीयस्थलको महत्व र विशेषता बुझ्नका लागि नक्सासहितको सूचनापाटी राखेका छौँ।" स्थानीयस्तरमापाइने दुर्लभ वन्यजन्तुको संरक्षण, मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरण गराउन सावधानी अपनाउन सन्देश प्रवाह गराउने र पर्यटकलाई जानकारी गराउने उद्देश्यले हिउँचितुवा, रातो भालु, तिब्बती अर्गेलीलगायत जनावरका बारेमा होडिङ बोर्ड राखिएको छ। अग्ला, नाङ्गा र उजाड पहाड पार गरेर छरिएका मानव बस्ती तथा पर्यटकीय, धार्मिक र प्राकृतिकस्थल जाने क्रममा पर्यटकले बाटो बिराएर भनेको भन्दा अन्यत्र पुग्ने, घुमाउरो बाटो हिँड्नुपर्ने र दुःख पाउने समस्या न्यूनीकरणका लागि सडक र पदमार्ग छेउछाउमा 'रेञ्जिङ पोल' र साइनपोष्टिङ राखिएको एक्यापका प्रमुख प्रमोदराज रेग्मीले बताउनुभयो। उपल्लो मुस्ताङको दामोदरकुण्ड पुगेर फर्कनुभएका म्याग्दीको अन्नपूर्ण गाउँपालिका -५ का गणेश गुरुङ (सुरेन)ले उचाइ, गन्तव्यमा पुग्न लाग्ने दूरी, समय र त्यहाँको विशेषता उल्लेख भएको सूचनापाटी तथा साइनपोष्टिङले सहज बनाएको बताउनुभयो। अझै धेरै ठाउँमा साइनपोष्टिङ, सूचनापाटी र होडिङ बोर्ड राख्नुपर्ने उहाँले बताउनुभयो। अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) मा समेटिएको उपल्लो मुस्ताङमा माटोको पर्खालभित्र रहेको लोमान्थाङ बस्ती, हरेक गाउँघका ऐतिहासिक दरबार, गुम्बा, गुफा, दामोदरकुण्डलगायत थुप्रै पर्यटकीय र धार्मिकस्थल छन्। मौलिक संस्कृति, रहनसहन, जीवनशैली र पृथक भूगोल पनि यहाँका आकर्षण हुन्।

सन् २०२३ मा तीन हजार चार हजार ८४ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका थिए। विदेशीको तुलनामा पछिल्लो समय उपल्लो मुस्ताङमा आन्तरिक पर्यटकको आगमन बढेको छ। अर्धनिषेधित क्षेत्र घोषणा भएको लोमान्थाङ, लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको पूरै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ मा पर्ने उपल्लो मुस्ताङ भ्रमण गर्न विदेशी पर्यटकले दश दिनका लागि पाँच सय अमेरिकी डलर शुल्क तिर्नुपर्छ। दश दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन रु ५० का दरले शुल्क तिर्नुपर्ने नियम छ। निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन अपेक्षित रुपमा बढ्न नसक्दा स्थानीयको जनजीवन तथा आर्थिक गतिविधि प्रभावित भएकाले निषेधित क्षेत्र हटाउन माग गरिएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टासी नर्बु गुरुङले बताउनुभयो।



छ तले झोङ गुफा :
मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ छोसेरमा रहेको झोङ गुफा। पहाडमा रहेको छ तले झोङ गुफामा ५० वटाभन्दा बढी कोठाहरु छन्। परापुर्वकालमा यो गुफाभित्र मानव बस्ति रहेको इतिहास छ। तस्बिरः सन्तोष गौतम/ रासस

# हेमजा तीज मेलामा कमल जौशी समुह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

नेपाली महिलाहरुको महान पुर्व हरितालिका तिजको अवसरमा आयोजित हेमजा तीज मेला २०८१ मा कमल जौशी समुह प्रथम भएको छ।

द्धितिय स्थान देउराली आमा समुह र तृतिय स्थान शान्ति आमा समुहले साथै जन कल्याण र राधाकृण्ण आमा समुहले सान्तवनमा चित्त बुझाए। प्रथम, द्धितिय, तृतियले नगद रु २००००, १५०००,१०००० र सान्तवना दूई समुहले नगद रु ५/५ हजार र प्रमाणपत्र प्राप्त गरे। उत्कृष्ठ भेषभुषा दहरे देउराली आमा समुह, उत्कृष्ठ स्वर इन्द्रेणी आमा समुह, र उत्कृष्ठ नृत्य प्रगतीशिल आमा समुहले प्राप्त गरे।

कार्यक्रमलाई सम्बोधन गदै पोखरा महानगरपालिका वडा न.२५ हेमजा वडा सदस्य एवं कार्यबाहक अध्यक्ष धन कुमारी प्रोखेल तिमिल्सिनाले कला,संकार संस्कृतिको संरक्षण प्रवद्धधन देखि लियर हेमजाका हरेक विकास गतिविधिमा महिला तथा युवाको



महत्वपूर्ण भुमिका रहेको उल्लेख गर्नभयो। सेहि क्रममा वडाका विकास गतिविधहरुको जानकारी संगै वडास्तर बाट महिलाहरुको क्षमता विकासका लागि मदल बजाउने तालिम देखि लियर अन्य जिवन उपयोगि कार्यक्रमलाई प्राथाकितामा राखेको बताउनु भयो। विष्णुपादुका क्लबका सचिव बसन्त क्षेष्ठले विष्णुपादुका क्लब, हेमजामा रहेको सम्पुर्ण महिलाहरुसंग सम्बन्धि सघंसस्था,क्लब अथवा महिला संजाल,आमासमुह देखि लियर हरेक महिलाहरुको ससक्तिकरणका लागि कुनै पनि भौतिक,नैतिक तथा आर्थिक सहयोगका लागि सहकार्य गर्न तयार रहेको उल्लेख गर्नुभयो। क्लबको भवन निर्माणको योजनामा रहेको र निर्माण कार्यको लागि आवस्यक सहजिकरणका लागि वडा कार्यलय देखी सम्पुर्ण हेमजाबासीमा एक भयर सहजिकरण लागि अगाडी बइडन अनुरोध गर्नभयो। क्लबले कार्यक्रमका विच हेमजामा रहेका आमा समुह, भजन समुहलाई खैजडी मुजुरा वितरण गरेको थियो। कार्यक्रममा नेपाल पत्रकार महासंघ, केन्द्रिय सदस्य सरिता तिमिल्सिना पगेनी, राष्ट्रिय स्वतन्त्र पाटि हेमजाका सभापति भरत अधिकारी, ने.क.पा एमाले हेमजा वडा कमिटि अध्यक्ष ऋषिराम पौडेल, मानब सेवा हेमजाका मदन थापा लगायतले शुभकामना दिएका थिए। प्रतियोगितको निर्णयक तर्फ लोक गायक परशुराम आधिकारीको संयोजकत्वमा, गायिका लक्ष्मी सुबेदी र ज्ञानसरा जुगजालीले सहजिकरण गर्नभयो। बाध्यबादन तर्फ सम्मर गायक, सुनिल गायकको समुहले सहजीकरण गरेका थिए। महिला संजाल हेमजाको आयोजना, विष्णुपादुका क्लबको सह-आयोजना तथा वडा न. २५ हेमजा वडा कार्यालयको विषेश सहयोजमा आयोजित कार्यक्रको अध्यक्षता महिला संजाल हेमजा,अध्यक्ष अप्सरा तिम्सिनाले, स्वागत गित गंगा त्रिपाठीले र शब्द द्वार स्वागत महिला संजाल सह-सचिव शान्ता के.सीले र सञ्चालन महिला संजाल सचिव उमा भुर्तेल पौडेल र भगवती अधिकारी बज्गाई गर्नभयो।

# गल्याङ प्रिमियर लिग क्रिकेटको उपाधि गल्याङ ब्लास्टरलाई

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ भदौं



गल्याङ प्रिमियर टिट्वान्टी लिग क्रिकेट (जिपिएल) को उपाधी गल्याङ ब्लास्टरले जितेको छ।

शनिवार भएको फाईनलमा गल्याङ ईगल्सलाई पराजित गर्दै ब्लास्टरले उपाधी हात पारेको हो। ईगल्सले बनाएको ९२ रनको सामान्य लक्ष्य ब्लास्टरले १० ओभरमा २ विकेट गुमाएर भेटाएको थियो। इगल्सले १४ ओभरमा ९२ रन बनाउँदै अलआउट भएको छ।

उपाधी बिजेता गल्याङ ब्लास्टरले १ लाख र शिल्ड हात पारेको छ यस्तै दोस्रो भएको गल्याङ ईगल्सले ५० हजारमा चित्त बुझाएको छ। गल्याङ क्रिकेट संघको आयोजनामा भएको प्रतियोगितामा आठ समूहले प्रतिस्पर्धा गरेका थिए। आठ वटै टिमले अक्सन मार्फत एक महिना अगाडि नै खेलाडी छनौट भएको गल्याङ क्रिकेट संघका उपाध्यक्ष खगेन्द्र भण्डारीले जानकारी दिए। प्रत्येक टिमले जिल्ला बाहिरका ३/३ जना खेलाडी समावेश गराएका थिए भने अरु खेलाडी जिल्ला भित्रका नै रहेका थिए। विभिन्न व्यवसायी र व्यक्तिहरुले आ–आफ्नो क्लव तयार गरी प्रतियोगितामा भाग लिएका थिए। जिल्ला भित्र रहेका क्रिकेट खेलाडीको पहिचान बढाउने र क्रिकेट खेललाई जिल्लामा व्यावसायिक गराउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको आयोजकले जनाएको छ। फाईनल खेल शनिवार गल्याङ नगरपालिका-१ मालुङ्गाको खेल मैदानमा भएको थियो।

प्रतियोगिताको समापन गर्दै गल्याङ् नगरपालिकाका प्रमुख गुरु प्रसाद भट्टराईले खेल क्षेत्रले नेपाल र नेपालीको पहिचान बढाएको बताए। पालिकाले खेल क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको नगर प्रमुख भट्टराईको दावी छ।

# 'निजामती सेवा ऐन छिटो ल्याउन माग'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ भदौं



२१ औं निजामती सेवा दिवस स्याङ्जामा विविध कार्यक्रम गरी मनाइएको छ। हरेक बर्षको भदौ २२ गते देशभरका निजामती कर्मचारीहरुले सेवा दिवसको रुपमा मनाउदै आएका छन्।

यो दिनलाई नेपालका निजामती कर्मचारीहरुले बिशेष दिनको रुपमा लिदै आएका छन्। २१ औं निजामती सेवा दिवस २०८१ को अवसरमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाको आयोजना तथा कर्मचारी मिलन केन्द्र, निजामती कर्मचारी आधिकारीक ट्रेड युनियन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल निजामती कर्मचारी संगठन स्याङ्जाको सह–आयोजनामा मनाइएको हो। कार्यक्रममा कर्मचारीहरुले संघिय निजामती सेवा ऐन छिटो ल्याउन माग गरेका थिए। सेवा ऐन छिटो नआउदा तिनैतहका कर्मचारीमा समस्या पैदा हुने गरेको उनीहरुको भनाई थियो। सरकारले निजामती ऐन ल्याउने प्रयास गरेपनि संसदमा बिचारधिन रहनु अत्यन्तै दुखद पक्ष रहेको कर्मचारीहरुले बताएका छन्। धेरै बर्षदेखी संसदमा थन्किएको संघिय निजामती सेवा ऐन ल्याउन नसक्दा कर्मचारीहरुले गर्नुपर्ने कार्यसम्पादनमा प्रश्न उठ्न थालेको उनीहरुको गुनासो छ।

अधिकांश कर्मचारीहरुले संघिय निजामती ऐन ल्याउन माग गर्दै २१ औं निजामती सेवा दिवसले ऐन ल्याउन सघाउ पुग्ने बताएका थिए। निजामती ऐन समयमा नआउदा तिनैतहका कर्मचारीलाई मार्ग निर्देशन गर्न असहज हुने गरेको स्याङ्जाका निमित्त प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले बताए। नेपालको निजामती सेवा जनताको सेवक हो सप्रजिअ पौडेलले भने,'निस्वार्थ भावनाले काम गर्ने बातावरण बनाइनुपर्छ।' अहिलेको निजामती सेवाले जनताको विविध प्रकृतिका काम गर्नुपर्ने अवस्था छ उनले भने। साघुरो प्रशासनिक सेवालाई सार्वजनिक सेवामा गएको अवस्थामा निजामती सेवा ऐन आउन ढिला गर्न नहुने सप्रजिअ पौडेलले बताए। नागरिकको सेवा प्रवाहमा कुनै कसुर बाँकी नराखेर कानुन सम्वत ढंगबाट मुस्कान सहितको सेवा दिन सबै कर्मचारीलाई पौडेलले निर्देशन दिए। कार्यक्रममा कर्मचारी मिलन केन्द्र स्याङ्जाका अध्यक्ष माधव लम्साल, निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन स्याङ्जाका अध्यक्ष राजु प्रसाद मरासिनी, नेपाल पत्रकार महासंघका अध्यक्ष श्रीकृष्ण सिग्देल, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा स्याङ्जाका सभापति दिनेश अर्याल, कर्मचारी मिलन केन्द्रका उपाध्यक्ष सिर्जना लामिछाने, करदाता कार्यालय स्याङ्जाका प्रमुख बिजय भुषाल लगायतले निजामती सेवा मुलुकको स्थायी सरकार भएकाले नागरिकको सेवाप्रति जिम्मेवार रहनुपर्ने बताएका थिए। कर्मचारीको कानुन नबन्दा भएका समस्यालाई चिर्दै देश र नागरिकको सेवामा तल्लिन हुनुपर्नेमा बक्ताहरुले जोड दिएका थिए। निजामती सेवा दिवसको अवसरमा आयोजना गरिएका खेलकुद, हाजिरी जवाफ लगायतका कार्यक्रममा उत्कृष्ट हुने खेलाडीहरुलाई पुरस्कार वितरण गरिएको थियो। दिवसकै अवसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको निमित्त प्रजिअ पौडेलले जानकारी दिए। रक्तदानबाट १७ युनिट रगत संकलन भएको र उक्त रगत जिल्ला रेडक्रसलाई हस्तान्तरण गरिएको छ। कार्यक्रम हुनुपुर्व जिल्ला सदरमुकाममा प्रभातफेरी समेत निकालिएको थियो।


**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

## Invitation for Bids

First date of Publication: 8th September 2024

1. Phedikhola Rural Municipality invites only electronic bids for Construction of R.C.C. framed structured building (Partial civil works) of first floor of Jana Aadarsha secondary school, Phedikhola-04, Aarukharka, Syangja under contract ID: 3-PRM-W-NCB-BLDG-081-82-3 under National Competitive Bidding Procedure (NCB). The estimated cost of the work is NRs. 4828152.02 (Including overhead, VAT & PS). Electronic Bidding is open to all eligible Nepalese Bidders.
2. Cost of bid document NRs. 3000.00. Information to deposit the cost of bid document in Bank: Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06501000000030800180; Name of account: Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality
3. Electronic bid submission deadline: before 12:00 hrs on 08-October-2024, Electronic bid opening date and time: 12:00 hrs on 08-October-2024.
4. Bid security amount NRs. 121,000.00. If cash deposited as bid security, then mentioned amount should be deposited in Dharauti account of Phedikhola Rural Municipality, account No. 06501000000003600179 at Prime Bank, Phedikhola, Syangja.
5. Eligible Bidders may obtain detail information by inspecting the Bidding Documents at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, , Phedikhola, Syangja or from website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.